# प्राङ्गारिक मल वितरण कार्यविधि, २०७९

प्राङ्गारिक मल वितरण कार्यविधि (प्रथम संशोधन), २०७९

स्वीकृत मितिः२०८०/०५/०१

प्रस्तावनाः प्रदेशमा प्राङ्गारिक मलको उत्पादन र प्रयोग बढाउन, बिक्री वितरण कार्यलाइ सहज, व्यवस्थित र पारदर्शी बनाई माटोमा प्राङ्गारिक पदार्थको मात्रा अभिवृद्धि गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न बाञ्छनिय भएकोले विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र परिचय : (१) यस कार्यविधिको नाम "प्राङ्गारिक मल वितरण कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क. "आपूर्तिकर्ता" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई प्राङ्गारिक मल वितरण गर्न छनौट भएका प्राङ्गारिक मल उत्पादक तथा वितरक संस्थालाई सम्झनु पर्छ ।

ख. "कार्यक्रम" भन्नाले प्राङ्गारिक मल वितरण गर्न स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

ग. "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

घ. "प्राङ्गारिक मल" भन्नाले प्राणी वा वनस्पतिजन्य वा त्यस्तो दुवै प्रकारका सामाग्रीलाई पूर्ण रुपमा बिघटन/ डिकम्पोज गरी पोषकतत्व वृद्धि गर्न वा अन्य कुनै प्रयोजनका लागि रसायनिक श्रोतका सिन्थेटिक केमिकल सामाग्री नमिसाई धुलो, दानादार वा झोलको रुपमा बनाइएको बाली बिरुवाको पोषणको लागि प्रयोग गरिने कार्बनयुक्त पदार्थ सम्झनु पर्छ।

ङ. "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

च. "मूल्याङ्कन समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

छ. "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ ।

ज. "ज्ञान केन्द्र" भन्नाले निर्देशनालय कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद -२

## संस्थागत व्यवस्था

३. मूल्याङ्कन समितिः प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतीका लागि सिफारिस गर्न निर्देशनालय/ ज्ञान केन्द्रमा सार्वजनिक खरिद नियमावली,२०६४ मा व्यवस्था भए बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ ।



डा. शरण कुमार पाण्डे
सचिव

•(१) माग भन्दा बढी आवेदन परेमा मुल्याङ्कन समितिले आवश्यकतानुसार मापदण्ड तयार गरी निर्देशनालय/ज्ञान केन्द्रवाट स्वीकृत गराइ कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि फर्म छनौट गर्न सक्नेछ ।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. कार्यक्रम सञ्चालन : (१) यो कार्यक्रम वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेशभर सञ्चालन हुनेछ ।

(२) कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि फर्मलाई १० मेट्रिक टन भन्दा बढी प्राङ्गारिक मलमा सहुलियत रकम उपलब्ध गराईने छैन ।

(३) एक आर्थिक वर्षमा एक पटक भन्दा बढी सहुलियत उपलब्ध गराईने छैन ।

५. सूचना प्रकाशनः (१) निर्देशनालय/ज्ञान केन्द्रले राष्ट्रिय दैनिक पत्रिकामा २१ दिनको म्याद राखी प्राङ्गारिक मल उत्पादक कम्पनीलाई सूचीकरण गर्ने सम्बन्धमा अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नेछ । प्रथम पटकको सूचना अनुसार आपूर्तिकर्ताहरुबाट प्रस्ताव पेश नभएमा पुनः ७ दिनको म्याद दिई प्रस्ताव आह्वान गरिनेछ ।

(२) निर्देशनालय/ज्ञान केन्द्रले राष्ट्रिय दैनिक पत्रिकामा २१ दिनको म्याद राखी प्राङ्गारिक मल प्रयोग गर्न चाहने कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि फर्मलाई सूचीकरण गर्ने सम्बन्धमा अनुसूची-२ बमोजिमको सूचना प्रकाशन गर्नेछ । पहिलो पटकको सूचना अनुसार प्रस्ताव पेश नभएमा पुनः७ दिनको म्याद दिई प्रस्ताव आह्वान गरिनेछ ।

६. प्रस्ताव पेश गर्नेः (१)⊕ आपूर्तिकर्ताले सूचनामा उल्लिखित कागजातहरु सहित निर्देशनालय/ज्ञान केन्द्रमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(२) कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि फर्महरुले सूचनामा उल्लिखित कागजातहरु सहित ज्ञान केन्द्रमा प्रस्ताव पेश गर्नुपर्नेछ।

(३)♣.....................................

(४) नेपालमा उत्पादित प्राङ्गारिक मल मात्र कार्यक्रममा समावेश गरिने छ ।

(५)♣ .....................................

(६)♣.................................

---

• प्रथम संशोधनद्वारा थप गरिएको

⊕ प्रथम संशोधनद्वारा संशोधित

♣ प्रथम संशोधनद्वारा झिकिएको



डा. शरण कुमार पाण्डे
सचिव

(७)• आपूर्तिकर्ताहरुको सूचीकरण गर्ने सम्बन्धमा जुन कार्यालयवाट कार्यक्रम सञ्चालन हुने हो सोही कार्यालयमा सूचीकृत गर्नुपर्नेछ ।

(८)• निर्देशनालय/ ज्ञान केन्द्रले प्राँगारिक मल खरिद गर्न चाहने प्रस्तावकहरुको निजहरुलाई सहुलियतमा उपलब्ध गराउन सकिने प्राँगारिक मलको परिमाण सहितको सूची र छनौट भएका आपुर्तिकर्ताहरुको सूची तयार गरी प्रकाशित गर्नेछ ।

७. <u>कार्यक्रम कार्यान्वयन सम्झौता</u> : छनौट भएका आपूर्तिकर्ताहरुसँग निर्देशनालय/ज्ञान केन्द्रले सम्झौता गर्नेछ ।

## परिच्छेद ४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

८. <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्षः</u> (१) दफा ६ को उपदफा (२) बमोजिम ज्ञान केन्द्रमा सूचिकृत कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि फर्मलाई मात्र आपूर्तिकर्ताले सहुलियतमा मल उपलब्ध गराउनु पर्नेछ। आपूर्तिकर्ताले प्रत्येक महिना आफुले सहुलियतमा बिक्री वितरण गरेको मलको विवरण र सम्झौता अनुसारको कागजात पेश गरी भुक्तानीको लागि निवेदन दिनुपर्नेछ ।

(२) दफा ३ बमोजिम गठित मूल्याङ्कन समितिले दफा ८ को उपदफा (१) अनुसार प्राप्त कागजातको चेकजाँच गरी भुक्तानीको लागि ज्ञान केन्द्रमा सिफारिश गर्नेछ र सो को आधारमा ज्ञान केन्द्रले मासिक रुपमा भुक्तानी दिने छ ।

(३) स्वीकृत वार्षिक कार्यक्रममा बजेटको व्यवस्था भए बमोजिम प्रति केजी मलमा रु. दश (१०) सहुलियत उपलब्ध गराइनेछ ।

(४) कार्यक्रम बजेटको दुई प्रतिशत कन्टिन्जेन्सी बापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन, निरीक्षण, इन्धन, आदि कार्यमा खर्च गर्न सकिनेछ ।

## परिच्छेद-५
## विविध

९. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार मन्त्रालय, निर्देशनालय र ज्ञान केन्द्रले गर्नेछ ।

१०. <u>यसै कार्यविधि बमोजिम हुनेः</u> केरा खेतीको लागि आवश्यक पर्ने कुखुराको मल वितरण समेत यसै कार्यविधि बमोजिम सञ्चालन हुनेछ ।

---

• प्रथम संशोधनद्वारा थप गरिएको



डा. शरण कुमार पाण्डे
सचिव

११. <u>कारबाहीको व्यवस्था</u>: (१) सम्झौता अनुरुप काम नगर्ने आपूर्तिकर्तालाई मन्त्रालय, निर्देशनालयले वा ज्ञान केन्द्रले प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

(२) आपूर्तिकर्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।

१२. <u>संशोधन</u>: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१३. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसंग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ ।

डा. शरण कुमार पाण्डे
सचिव

अनुसूची-१

(दफा ५ को उपदफा (१) सगँ सम्बन्धित)

<u>आपुर्तिकर्ताको सूचीकरण</u>

निर्देशनालय/ज्ञान केन्द्र......को आ.व. .. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्राङ्गारिक मल वितरण कार्यविधि(प्रथम संशोधन), २०७९" अनुसार प्राङ्गारिक मल बिक्रि गर्ने उत्पादक तथा वितरकहरुले यो सूचना प्रकाशित भएको एक्काईस दिनभित्र कार्यालय समय भित्र सम्बन्धित निर्देशनालय/ज्ञान केन्द्रमा देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

१. संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
२. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनि भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. ⊕पछिल्लो आ.व. को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि,
५. पछिल्लो आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
६. *...................................
७. *...................................
८. ⊕प्रस्ताव साथ चालु आ.व. मा आपुर्ति गर्न सक्ने मलको परिमाण
९. •सम्बन्धित निकायमा सूचीकृत गरिएको प्रमाणपत्रको प्रतिलिपि,
१०. •सरकारी निकायवाट मान्यता प्राप्त प्रयोगशालाबाट अनुसूची-३ मा उल्लेखित प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (एक महिना भित्रको),
११. •प्राङ्गारिक मलको नमुना,
१२. •आपूर्तिकर्ताले आफुले उत्पादन गर्ने मलको ब्राण्ड नाम, प्रति के. जी. मूल्य, कम्पनीको शाखा/बिक्री कार्यालयहरु र उपलब्ध गराउन सक्ने मलको परिमाण
१३. •मलको उत्पादन मिति र प्रयोग गरिसक्नु पर्ने मिति ,ब्याच नम्बर, तौल तथा मलमा पाइने पोषण तत्वको मात्रा प्रत्येक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ ।

---

⊕ प्रथम संशोधनद्वारा संशोधित
* प्रथम संशोधनद्वारा झिकिएको
• प्रथम संशोधनद्वारा थप गरिएको

डा. शरण कुमार पाण्डे,
सचिव

अनुसूची - २

(दफा ५ को उपदफा (२) सगँ सम्बन्धित)

कृषकहरुका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः

निर्देशनालय/केन्द्रको आ.व. .... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्राङ्गारिक मल वितरण कार्यविधि(प्रथम संशोधन), २०७९" प्राङ्गारिक मल खरिद गर्न बागमती प्रदेशका कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको तीस दिनभित्र कार्यालय समय भित्र निर्देशनालय/ज्ञान केन्द्रमा देहाय बमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

पेश गर्नुपर्ने कागजातहरुको विवरणः

१. *............................
२. ⊕दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. ⊕संस्था नविकरणको प्रमाणको प्रतिलिपि,
४. ⊕संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि,
५. गत आ.व. को कर चुक्ता प्रमाण पत्र,
६. ⊕संस्थाको हकमा निर्णय प्रतिलिपि,
७. *.......................................
८. * ......................................
९. • खरिद गर्न चाहने मलको परिमाण

| खेतीयोग्य जमिनको क्षेत्रफल | खरिद गर्न चाहने मलको परिमाण(के.जि.) | कैफियत |
|---|---|---|
| | | |

डा. शरण कुमार पाण्डे
सचिव

---

* प्रथम संशोधनद्वारा झिकिएको
⊕ प्रथम संशोधनद्वारा संशोधित

• प्रथम संशोधनद्वारा थप गरिएको

अनुसूची-३

(दफा ६ को उपदफा (२) सगँ सम्बन्धित)

प्राङ्गारिक मलको मापदण्ड तथा गुणस्तर

| मापदण्ड | धुलो प्राङ्गारिक मल | दानादार प्राङ्गारिक मल | गड्यौले मल |
|---|---|---|---|
| १.जम्मा नाईट्रोजन (N), ड्राई वेट वेसिस (Dry Weight basis) | न्यूनतम् १.०% | न्यूनतम् १.०% | न्यूनतम् १.५ % |
| २. जम्मा फस्फोरस($P_2O_5$), ड्राई वेट वेसिस (Dry Weight basis) | न्यूनतम् ०.५% | न्यूनतम् ०.५% | न्यूनतम् ०.५% |
| ३.जम्मा पोटास ($K_2O$) ,ड्राई वेट वेसिस (Dry Weight basis) | न्यूनतम् १.०% | न्यूनतम् १.०% | न्यूनतम् १.०% |
| ४. चिस्यान (Moisture),ड्राई वेट वेसिस (Dry Weight basis) | अधिकतम २५.०% | अधिकतम २०.०% | अधिकतम २५.०% |
| ५. प्राङ्गारिक कार्वन (OC), ड्राई वेट वेसिस (Dry Weight basis) | न्यूनतम् २०.०% | न्यूनतम् २०.०% | न्यूनतम् २०.०% |
| ६. पि.एच (PH) | ६.०-८.० | ६.०-८.० | ६.०-८.० |
| ७. गन्ध | दुर्गन्ध रहित | दुर्गन्ध रहित | दुर्गन्ध रहित |
| ८. रोगका जिवाणुहरु (Pathogens) | शुन्य | शुन्य | शुन्य |
| ९. गहौं धातुहरु(Heavy Metals),ड्राई वेट वेसिस (Dry Weight basis) | | | |
| क) आर्सनिक(Arsenic($As_2O_3$) | अधिकतम १० ppm | अधिकतम १० ppm | अधिकतम १० ppm |
| ख) क्याडिमयम(Cadmium(cd) | अधिकतम ५ ppm | अधिकतम ५ ppm | अधिकतम ५ ppm |
| ग) क्रोमोसियमChromium(Cr) | अधिकतम ५० ppm | अधिकतम ५० ppm | अधिकतम ५० ppm |
| घ) शिशा Lead (Pb) | अधिकतम १००ppm | अधिकतम १००ppm | अधिकतम १००ppm |
| ङ) पारो Mercury(Hg) | अधिकतम २ ppm | अधिकतम २ ppm | अधिकतम २ ppm |

डा. शरण कुमार पाण्डे
सचिव